# धार्चे गाउँपालिकाको ५ वर्षे कार्य उपलब्धी
# २०७९

**धार्चे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रकाशक

**धार्चे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

माछीखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल

फोन नं. :९८५६००४०५२

इमेलः rmdharche@gmail.com

वेव साइटः www.dharchemun.gov.np

# अध्यक्षको भनाई

नेपाली जनताको अथक संघर्ष, त्याग र बलिदानको परिणामस्वरुप २०७२ मा संविधान सभाबाट नेपालको संविधान जारी भयो । सोहि संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यन्वयन २०७४ मा स्थानीय निर्वाचन सम्पन्न भई मुलुकले ७५३ स्थानीय सरकार प्राप्त गरेको छ । यो सरकारले जनताको सवै भन्दा नजिकको सरकारको रूपमा रहि नागरिकलाई पारदर्शी, छिटो छरितो र गुणस्तरीय सेवा प्रवाह गर्दै दीगो विकास, सुशासन, शान्ति र समृद्धि ल्याउने जिम्मेवारी वहन गर्दै अगाडी बढ्नु पर्ने जिम्मेवारी थियो । उक्त जिम्मेवारी पुरा गर्न सम्वीधानको मुल मर्म अनुसार समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई पालना गर्दै तिन वटै तहका सरकारहरू विकास र समृद्धिको यात्रामा क्रियाशिल रहेका छन् । हामीले हाम्रा भुगोल सुहाउँदो, स्थानिय वासिन्दाको वास्तविक आवश्यकताहरूको पहिचान गरी विकास निमार्णका कार्यहरू सञ्चालन र सम्पदानवाट लक्ष्य तथा उद्देश्य हासिल गर्नमा केन्द्रीत हुन पर्ने जिम्मेवारी थियो । साथै हाम्रो विकासलाई नतिजामुखी, उत्थानसील र दीगो बनाउनको लागि विश्व परिस्थिति, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग गर्दै योजनावद्ध र नतिजामुलक विकास गर्दै समृद्धि हासिल गर्न हरकदम प्रयासरत रहेको थियो ।

स्थानीय सरकारले जनताको आवश्यक्ता र परिस्थितिलाई मध्य नजर गर्दै आफ्नो विकासको मार्ग चित्र दीर्घकालीन सोच, आवधिक, विषयगत गुरुयोजना तथा रणनीतिक योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्दा स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितालाई सुनिश्चित गर्दै सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम कार्यन्वयन गर्नु पर्ने र ति योजना तथा विकासका कार्यहरू स्थानीय समस्याको सम्बोधन गर्ने, कार्यान्वयन योग्य, उपलव्ध स्रोत र साधनवाट सम्पन्न हुने र जनताको जीवन स्तरमा परिवर्तन गर्ने खालको हुनु पर्छ । यहि विकासका मार्ग चित्रलाई पुरा गर्न निर्वाचित जनप्रतिनिधिहरू कानून, नियम र नीति निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन, कार्यन्वयन र सेवा सञ्चालन तथा

प्रवाहलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहि, उत्तरदायी तथा पारदर्शि बनाई विकास र समृद्धि हासिल गर्न विविध चुनौती र समस्याहरूसँग जुध्दै अगाडी बढ्यो । तथापि यो सरकार संघियता कार्यन्वयन गर्ने पहिलो सरकार हो । जहाँ लामो समय सम्म जनताहरू जनप्रतिनिधि बिहिन थिए । स्थानिय सरकारसँग पऱ्याप्त मानविय तथा आर्थिक स्रोत साधन थिएन, प्राकृतिक विपद जस्ता आदि पक्षहरूले गर्दा स्थानीय सरकारले लक्षित गरेका सवै उपलव्धी हासील गर्न नसक्नु स्वभाविकै हो । यसका बाबजुद स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात निर्वाचित पदाधिकारीहरू मेरो नेतृत्वमा स्थानीय सरकारका रूपमा गठन भई सञ्चालन भएको पहिलो सरकारको पहिलो कार्यकाल सफलता पुर्वक सम्पन्न हुँदैछ । संभावना तथा चूनौतिबीच यस गाउँपालिकामा निर्वाचित पदाधिकारीको ऐतिहासिक पहिलो कार्यकालमा स्थानीय सरकार सञ्चालन, सेवा प्रवाह र विकास निर्माणको अवस्था, सञ्चालित आयोजना तथा कार्यक्रम, आइपरेका समस्या तथा चूनौति, भावि मार्गचित्र तथा रणनीतिलाई अभिलेखन तथा प्रकाशन गरी आम गाउँपालिकाबासी, साझेदार र सरोकारवाला समक्ष प्रस्तुत गर्न आवश्यक देखियो । यसै आवश्यकतालाई सम्बोधन गर्न संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश, गोरखा जिल्ला धार्चे गाउँपालिकाको निर्वाचित पदाधिकारीको पहिलो कार्यकालको समापन वर्षको संघारमा आ.व. २०७४/०७५ देखि २०७८/०७९ सम्म भए गरेका कार्यहरूलाई जनता समक्ष सुसुचित गराउँने उद्देश्यले धार्चे गाउँपालिकाको ५ वर्षे कार्य उपलव्धी तयार गरी प्रकाशन गरिएको छ ।

अन्त्यमा, म लगायत यस गाउँपालिका स्थापनाको पहिलो कार्यकालका लागि निर्वाचित पदाधिकारीका कार्यकाललाई पूर्णरूपमा सफल बनाउन सहयोग गर्नु हुने गाउँ सभा, कार्यपालिका, विषयगत समिति तथा वडा समिति पदाधिकारी, स्थानीय समुदाय, राजनीतिक दल, नागरिक समाज, विज्ञ सल्लाहकार समूह, शुभ चिन्तक लगायत सम्पूर्ण पदाधिकारी, विषयगत शाखा, कर्मचारी, संघ सस्था र सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**सन्त बहादुर गुरुङ**<br>
अध्यक्ष<br>
धार्चे गाउँपालिका

# विषय सूची


| | | |
|---|---|---|
| १. | **पृष्ठभूमी** | १ |
| २. | **धार्चे विकासको मार्ग चित्र** | २ |
| ३. | **५ (पाँच) वर्षमा हासिल गरेका मुख्य उपलब्धीहरू** | ४ |
| | पूर्वाधार विकास | ६ |
| | आर्थिक विकास | ८ |
| | सामाजिक विकास | १४ |
| | वन वातावरण तथा विपद व्यवस्थापन | १७ |
| | सस्थागत तथा सुशासन विकास | १८ |
| | आगामी कार्यदिशा | २१ |
| **अनुसुची १** | | **२५** |
| ऐन | | २५ |
| नियमावली | | २६ |
| निर्देशिका | | २६ |
| कार्यविधि | | २७ |
| मापदण्ड | | २९ |
| नीति | | २९ |
| **अनुसुची २** | | **३०** |
| घोषणा पत्र | | ३० |

# धार्चे गाउँपालिकाको ५ वर्षे कार्य उपलव्धी

## १. पृष्ठभूमी

दुई दशक भन्दा लामो समय सम्म नेपाल जनप्रतिनिधी विहीन रहे र नेपाली जनताहरू आफ्ना प्रतिनीधि विना नै शासन प्रणालीमा समाहित भई शासित भए । यहि समय अवधिमा देशमा ठुला ठुला परिवर्तनहरू पनि भए । संविधान सभाको निर्वाचन भयो फलस्वरूप २०७२ सालमा नेपालले नयाँ संविधान प्राप्त गर्‍यो र सोहि संविधानले नेपाललाई संघिय लोकतान्त्रीक गणतन्त्रामक शासन व्यवस्था भएको देशको रूपमा स्थापना गर्‍यो । नेपालको संविधानले व्यवस्था गरे अनुसार संघियताको कार्यान्वयन २०७४ सालको स्थानिय निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानिय गरी ३ तहको सरकार गठन पश्चात औपचारिक रूपमा ७५३ स्थानिय सरकारको विधिवद निर्माण र कार्यन्वयनमा आई गाउँ गाउँमा सिंहदरवार भन्ने शव्दले साकार रूप लियो ।

नेपालको संघिय संविधानको भाग ५ अर्न्तगत राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड अन्तर्गत (अनुसुची ८) स्थानिय सरकारलाई दिइएको २२ वटा एकल अधिकार र (अनुसुची ९) मा १५ वटा साझा अधिकार प्रदान गरी कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार सहितको स्थायी सरकारको रूपमा व्यवस्थित गरेको छ । समन्वय, सहकार्य र सह अस्तित्वलाई सीरोधार्य गरी स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकार सञ्चालनमा रहेको छ। गण्डकी प्रदेश, गोरखा जिल्लाका ११ स्थानिय सरकार मध्य सम्भावना नै सम्भावना रहेको प्रकृति र सँस्कृतिको खुल्ला संग्रहालय धार्चे गाउँपालिका पनि एक हो । यस गाउँपालिका साविकका ६ वटा गाविसहरू समायोजनवाट ७ वटा वडामा विभाजन गरी धार्चे गाउँपालिकाको निर्माण भई सञ्चालनमा रहेको छ ।

धार्चे गा.पा को स्थापना पश्चात सवै भन्दा ठुलो चुनौती २०७२ वैशाख १२ गतेको महाभुकम्पले धन जनमा परेको क्षेतिवाट स्थानिय जनतालाई राहतसँगै गाँस, वाँस र आवासको व्यवस्था गर्नु पर्ने थियो । भुकम्पले तहस नहस वनाएको संरचनाहरूको पुननिर्माण गर्नु पर्ने जिम्मेवारीका साथै नयाँ विकास, निर्माण र जनताको आर्थिक हैसियतमा वृद्धि गर्दै समृद्धिको वाटोमा लाग्नु पर्ने चुनौति पनि थपिएको थियो । चुनौतीहरूलाई अवसरमा परिणत गरी अगाडी वढ्ने क्रममा फेरी विश्व व्यापि रूपमा फैलिएको कोरोना महामारी विपदकोरूपमा आई पर्‍यो । यसले सेवा प्रवाह र विकासको गतिलाई थप चुनौति दियो, स्रोत व्यवस्थापनमा थप समस्या आई लाग्यो तथापी धार्चे गाउँपालिका एकजुट भई अनावर तरूपमा आ-आफ्नो ठाउँको विकास निर्माण गरी समृद्धि हासिल गर्नको लागि अहोरात्र खटि रह्यो । धार्चेको विकासका लागि धार्चे सरकार आफ्नो दुर दृष्ट्रि, लक्ष्य, उद्देश्य र रणनीतिमा प्रष्ट रहेको छ । धार्चेले आफ्नो विकासको निम्न उल्लेखित मार्ग चित्रलाई अनुसरण गर्दै अगाडि वढेको छ । तथापि यो मार्ग चित्र अनुसार यस गाउँपालिकाको विकास गर्न यो ५ वर्ष मात्रै नभई यो त धार्चे विकासको जग वसाल्ने महत्वपुर्ण समय रह्यो तथापि धार्चे गाउँपालिकाले सिमित स्रोत, साधन र विविध समस्या तथा चुनौतीहरूसँग जुट्यो र आजको यस अवस्थामा पुग्न सफल भयो ।

## २. धार्चे विकासको मार्ग चित्र

**"सुन्दर सुरक्षित समृद्ध धार्चे"** भन्ने दीर्घकालीन सोच राखी धार्चे गा.पा.को आवधिक योजना निर्माण गरी आवधिक योजनाका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न वार्षिक योजना र वजेट निर्माण गरी कार्यन्वयन गरीएको छ । सुन्दर सुरक्षित समृद्धलाई निम्न अनुसार परिभाषित गरिएको छः

**सुन्दरः** प्राकृतिक स्रोतको उपयोग वातावरण मैत्री विकास प्रदुषण मुक्त हराभरा सास्कृतिक मूल्य र मान्यता ।

**सुरक्षितः** विपत प्रतिरोधि आवास, पूर्वाधार विकास भएको, विपत जोखिम

न्यूनीकरण भएको, आभारभूत स्वास्थ्य शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ती सुरुक्षा प्रभावकारी भएको, सवै प्रकारका विभेद र द्धन्दको अन्त्य भएको ।

**समृद्धः** - आय वृद्धि भई समतामुलक वितरण भएको,
- मानव विकास सुचाङ्कमा उल्लेख्य वृद्धि भएको
- रोजगारका अवसरहरू विस्तार भएको,
- दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको ।

**लक्ष्यः** प्राकृतिक स्रोतको दिगो उपयोग, कृषिको व्यवसायिकरण, वातावरण मैत्री पूर्वाधार विकास, परम्परागत लोक सस्कृतिको सरक्षण र पर्यापर्यटनको सम्बर्द्धन गर्दे समष्टिगत सामाजिक तथा आर्थिक विकासद्धारा नागरिकको जीवन स्तरमा गुणात्मक सुधार भएको हुने छ ।

**प्रमुख उद्देश्यः** व्यावसायिक कृषि तथा पशुपालन पर्यटन र उद्योग व्यवसायका माध्यम बाट रोजगारी र आयमा वृद्धि गर्नु ।

- आधारभूत स्वास्थ र सरसफाई तथा गुणस्तरीय शिक्षाको माध्यम बाट समावेशी विकास गर्नु ।
- वातावरण मैत्री दीगो भौतिक पूर्वाधारको विकास गर्नु ।
- प्राकृतिक स्रोत र साधनहरूको दीगो उपयोग गर्नु ।
- सस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह हुनु ।

## विकासका रणनीतिहरू

- प्राकृतिक स्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरूको अत्याधिक उपयोग गर्ने ।
- आकर्षक पर्यटनको प्रवर्द्धनका सथै उद्यम व्यापार तथा व्यवसायको विकास गर्ने ।
- सामाजिक विकासका सुचकहरूमा सुधार गर्ने ।
- सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने ।
- यातायात, जलस्रोत, सञ्चार तथा वस्ती विकास लगायतका

पूर्वाधारको विकास गर्ने ।

- वन वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दे विपद् जोखिम न्यूनीकरणवाट विकास र वातावरण विच सन्तुलन कायम गर्ने ।
- विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सुदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।

## ३. ५ (पाँच) वर्षमा हासिल गरेका मुख्य उपलब्धीहरू

१. धार्चे गाउँपालिकाले गाउँपालिका सञ्चालनार्थ आवश्यक ऐन, नियमवाली, कार्यविधि निर्माण, पारित तथा राजपत्रमा प्रकाशन गरी कानुनी संगालो बनाएको छ ।

२. स्थानिय सरकार गठन भएको एक वर्ष भित्र धार्चे गाउँ सभाले सातै वडाको पाएक पर्ने स्थान माछीखोला बजारमा केन्द्र रहने र गाउँपालिकाको नाम धार्चे नमाकरण गरी राजनैतिक सहमति अनुसार गाउँपालिका केन्द्र तोक्ने र नामाकरण गर्ने कार्य गरी सकारात्मक सन्देश प्रवाह गरेको छ ।

३. समन्वय, सहकार्य र सहआस्तित्व अर्न्तगत प्रसिद्ध मनास्लु हिमाल, गणेश हिमाल, नेपालकै कम उचाईमा रहेको रुपीनाला ग्ल्यासियर जाने प्रवेश द्धार यस धार्चे गाउँपालिकामा पर्ने भएकोले उत्तरी गोरखाको पर्यटन विकास तथा अन्य पूर्वाधार विकास, शान्ति सुरक्षा, अन्तर स्थानिय सरकारसँग साझेदारी गर्न वैठक आदि राख्ने मुख्य कार्यक्रममा समन्वय गर्ने अग्रणी भुमिका यस गाउँपालिकाले खेलेको छ । प्रदेश र संघ सरकारसँगको सहकार्य र समन्व्य पनि विशेष र उपलव्धिपूर्ण नै रहयो ।

४. दिगो विकासका लक्ष्यहरूलाई आन्तरीकीरण गरी स्थानिय तहमा नीति, योजना, कार्यक्रम र आयोजनाको लागी स्रोत व्यवस्थापन, बजेट तर्जुमा र कार्यान्वयनमा मार्ग दर्शन गर्ने उदेश्यले गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक उच्च स्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन गरेको छ । गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा धार्चेमा कार्यरत

विकास साझेदार दातृ निकायलाई समन्वय तथा परिचालन गर्न समन्वय समिति गठन गरेको ।

५. न्यायमा समान पहुँचको अवस्थालाई मध्य नजर गर्दै स्थानीय समुदायमा भई रहने झै-झगडा, मुद्धा मामिला तथा न्यायिक समितिको क्षमतामा अभिवृद्धि गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित न्यायीक समितिले मेलमिलाप कर्ताहरूको छनोट, प्रशिक्षण गराई न्यायीक कार्य सम्पादनलाई प्रभावकारी वनाउँदै न्यायमा सवैको पहुँचलाई सुनिश्चितता गर्ने कार्य गर्दै पाच वर्षमा ३० वटा मुद्धा मामिला न्यायिक समितिमा आएको र सो मुद्धाहरु मध्य ५ वटा जिल्ला अदालत पठाईएको र २ वटा मुद्धा सहजिकरण तथा छलफल हुन बाँकी रहेको छ । जिल्ला अदालत तथा नगरपालिकामा मेलमिलाप कर्ताहरूको भ्रमण कार्यक्रम सम्पन्न गराएको छ ।

६. नेपालको सविधान जारी भएको दिन प्रत्येक वर्ष असोज ३ गते गणतन्त्र दिवस, शहिद दिवस, मानव अधिकार नारी दिवस, लैंगिक हिंसा उन्मूलन १६ दिने अभियान, निजामति सेवा दिवस, विपद व्यवस्थापन सप्ताह, पर्यटन दिवस, पुस्ताकालय दिवस जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरू विशेष रूपले मनाउदै आएको ।

७. धार्चे गा.पा.को समग्र अवस्थाको तथ्यांक संकलन गरी विविध शिर्षकहरू सामाजिक, आर्थिक, विकासका सुचकहरूको अवस्था चित्रण सहितको गा.पा. पार्शव चित्र निर्माण गरी कार्यन्वयन गरिएको ।

८. गाउँपालिकाको खानेपानी अवस्थालाई मध्य नजर गर्दै सफा, स्वच्छ र सुरक्षित खानेपानीको उपलव्धता र सरसफाई तथा स्वच्छतालाई ध्यानमा राखी खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना वनाई एक घर एक धारा र पुर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने कार्यमा अगाडी वढेको ।

९. धार्चेको विकास मोडेल सम्बन्धी बहस कार्यक्रम सम्पन्न गरिएको छ । भौगोलिक सुचना प्रणाली (Geographic Information System) को माध्यमवाट पर्यटकीय र भौगिलिक तथ्याङ्क नक्शाकन गरिएको छ । धार्चेलाई गुगल नक्सा मार्फत चिनाउने प्रयत्न भएको छ ।

१०. धार्चेका १० जना महिलाहरूलाई लेडिज ट्रेकिङ गाईड तालिम तथा धार्चेका होटल व्यवसायीहरूलाई कुक, वेटर, वेकरी सम्वन्धी तालिम सम्पन्न गरिएको छ ।

११. हिमाल चढने आरोहीहरूको सम्मानमा आरोही पार्क आरोही संग्रहालय निर्माण गरिएको छ । दोस्रो विश्व युद्धमा मरनोपरान्त भि.सि. प्राप्त स्वर्गीय थमन गुरुङको स्मृतिमा थमन पार्क सहित रुकाङ डाँडालाई थमन हिल नामकरण र भि.सी सडक निमार्ण गरिएको छ ।

१२. तत्कालिन वेलायतका युवराज ह्यारी भुकम्प पछिको पुन निर्माणमा लापु वेशिको प्रभातकिरण मा.वि.मा आफै खटिएर विद्यालय भवण निर्माण गरी दिएको हुनाले स्थानीय डम्फु डाँडालाई ह्यारी हिल भनी नामकरण गरिएको छ ।

१३. गैर आवसिय नेपाली संघको सहयोगमा लाप्राकको गुप्सी पाखामा एकीकृत नयाँ वस्ती निर्माण गराई लाप्राक पुननिर्माणमा पुऱ्याएको सहयोगको सम्मान स्वरूप नयाँ वस्ती भन्दा माथि रहेको नतुर डाँडालाई **शेष जमुना** हिल भनी नामाकरण गरिएको छ ।

१४. गणतन्त्रका निम्ति आफ्नो जिवन आहुति दिएका सहिदहरूका नाममा विभिन्न पार्क र भुकुम्पमा परि ज्यान गुमाएका गोठालोहरूको सम्झनामा गोठालो पार्क, सिमी पार्क निर्माण भएको छ ।

## पूर्वाधार तर्फ

१५. हामीले चुनाव जित्दा खेरि धार्चेको २ वटा वस्ती लाप्राक र गुम्दामात्रै कच्ची सडकले छोएको थियो । हामी आए पछि वडा नः १ वाहेक ६ वटै वडा कार्यालाय र गा.पा. केन्द्रसँग सडक सञ्जालले जोड्न सफल भएको छ । गाउँपालिका भरि मुख्य गरेर १२ वटा ठाउँमा सडक वनाइएको छ, भने यि सडकको दुरी लगभग ८५ कि.मि. रहेको छ (संघ तथा प्रदेश सरकार वाहेक) ।

१६. अहिले सम्म सडक सञ्जालले नजोडिएको वडाः न १ को हुल्चुकमा सडकले जोड्नको लागि माछीखोला र दोभानमा मोटोरेवल पुल निर्माणका

लागि **DPR** सम्पन्न भएको छ भने थमनसीं मार्ग सडक निमाणधिन रहेको छ ।

१७. प्रशासनिक सेवा सुविधालाई मध्य नजर गर्दै ७ वटै वडामा वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ । गाउँपालिकाको केन्द्र माछीखोला र काशीगाउँमा सभाहल निर्माण भएको छ । भने गा.पा.को प्रशासनिक भवन र गुम्दामा सभाहल निर्माणाधिन अवस्थामा रहेको र यो भवन आगामी जेठ मसान्त सम्ममा सम्पन्न हुनेछ ।

१८. नीजि आवास पुननिर्माण कार्यलाई व्यवस्थित, पारदर्शी र वनाउदै ९९ प्रतिशत घरहरू पुर्णरूपमा पुननिर्माण भई सकेको छ । NRA/GMALI, NRNA जसले लाप्राकको गुप्सी पाखामा एकीकृत नमुना वस्ती (५७३ घर निर्माण) गरी धार्चे भरिकै नीजि आवस निमार्णमा विशेष भूमीका निर्वाह गरी धार्चेको विकासमा विशेष योगदान पुऱ्याएको छ ।

१९. घोडेटो र गोरेटो वाटोहरू पुननिर्माण तथा नयाँ निर्माण गरी सडक सञ्जाल नपुगेका वडा र वस्तीहरूमा मानिसहरूको सहज आवत जावत, खच्चड तथा मानिसको माध्यमवाट निर्माण सामाग्रीहरूको ढुवानीमा सहज पहुँच हुने काम गरिएको छ । यो आर्थिक वर्षमा पनि सडक वाटो तथा झोलुङ्गे पुलको निर्माण हुने क्रम जारि छ । ५१ कि.मि. भन्दा वढि गोरेटो वाटोको पुन निमार्ण गरिएको छ । त्यस्तै ३ वटा पर्यटन पदमार्ग निर्माण भएको छ भने १९ वटा पुलपुलेसाहरू निर्माण भएको छ । स्थानीय वासीन्दाको यातायातको सुविधालाई ध्यानमा राखी लाप्राकवाट दिवा सेवा र माछीखोलावाट दीवा र रात्रीकालिन बस सेवा सुरु भई सकेको छ ।

२०. पठन पाठनका लागि विद्यालय भवन निर्माण गरी पठन पाठन सञ्चालन गरिएको छ। स्वास्थ्य उपचार र सुविधाको लागि स्वास्थ्य चौकी पुननिर्माण गरी नियमित स्वास्थ्य सेवाको व्यवस्थापन गरिएको छ । विभिन्न वडा तथा वस्तीहरूमा विद्यालय खेल मैदान, युवा क्लव कार्यालयको जग्गा खरिदका लागि २ करोड ४६ लाख विनियोजन गरिएको छ ।

२१. गुरुङहरूको कला संस्कृतिको सरक्षण तथा प्रर्वद्धन गर्ने उद्देश्यकासाथ

वडा नं. ४, लाप्राकमा हिउँचुली सामुदायिक संग्रहालयलाई थप व्यवस्थित गर्न DPR तयार भई सकेको छ । विपद् जोखमलाई मध्य नजर गरी माछीखोलामा सामुहिक भवन निर्माण गरिएको छ भने ८ ठाउँको चिहान डाडाँमा मलामी वस्न ट्रस घर निर्माण गरिएको छ ।

२२. जल विद्युतको अपार सम्भावना रहेको यस धार्चे गाउँपालिकामा यो आर्थिक मसान्तसम्ममा १० मेगावाट क्षमताका जलविद्युत उत्पादन हुनेछ । हाल भने धार्चे गाउँपालिकामा ६ मेगावाट जलविद्युत उत्पादन भई सकेको छ । आगामी असार मसान्त सम्ममा ४ मेगावाट थप भई १० मेगावाटको जलविद्युत उत्पादन हुनेछ । यसलाई धार्चे गाउँपालिकाले रेमिट हाईड्रो नाम दिएको छ ।

२३. पहिलो वर्षको पहिलो कार्यपालिकाको वैठकले धार्चेलाई ५ वर्ष भित्र लोड सेडिङ मुक्त गाउँपालिका घोषण गर्ने भनेर गरेको नीतिगत व्यवस्था अनुरूप केन्द्रीय विद्युतीकरण गर्ने कार्यलाई तिव्रताकासाथ अगाडी वढाउदै यो वर्ष विद्युत प्राधिकरणले खोर्ला वेशीमा ३३ के.भि.को सव स्टेशन राख्दै छ ।

## आर्थिक विकास तर्फ

२४. आन्तरिक राजस्व संकलनलाई व्यवस्थित र प्रभावकारी वनाउनको लागि आन्तरिक राजस्व संकलन कार्ययोजना बनाई कार्यन्वयनमा रहेको छ भने आन्तरिक राजस्व संकलन गर्ने कार्य अनलाइन सफ्ट वेयर मार्फत गरिएको छ । आन्तरिक राजस्व संकलनलाई वृद्धि गर्न धार्चे वासीहरूले **कर तिर्ने कार्यलाई वोझ होइन कर्तव्य हो भन्ने नारा** तए गरिएको छ ।

२५. धार्चे गा.पा का वासिन्दाहरू थोरै मात्र जागिर र व्यवसायमा संलग्न छन् । यहाँका अधिकांस मानिसहरू परम्परागत कृषि पेशा, व्यवसाय र पशु पंक्षी पालनमा सम्लग्न छन् । ९.८६ प्रतिशत कृषि योग्य जमिनमा सिचाईको लागि ५ वटा कुलो (६९७ मि) निर्माण गरी थप १७०८ रोपनी जमिनमा सिंचाई सुविधा पुऱ्याएको छ । धार्चेको भुमी सुहाउँदो कृषि, व्यवसाय सञ्चालन र पशु पंक्षी विकासका लागि विविध किसिमका

कार्यक्रमहरू सञ्चालन गरी कृषि उत्पादन र पशुपंक्षी विकास र उत्पादनमा आत्मनिर्भर बनाउने किसिमका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

२६. आर्थिक विकास विना मानव विकास र समृद्धी हासिल हुन सक्दैन । कृषि तथा पर्यटन लगाएतका आर्थिक क्षेत्रमा व्यापक सुधार तथा विकास गरी नागरिकको आय वृद्धि गर्ने उद्देश्य अनुसार धार्चे गा.पा. र सिभिल वैंक विच सम्झौता गरी १३१० जनालाई सहुलियतपूर्ण कर्जा (व्यवसाय तथा वित्तीय सस्था) समेत गरेर रु. ६ करोड ५७ लाख ऋण प्रवाह गर्न सफल भएको छ ।

२७. **कृषि तर्फः** कृषि तथा पशुपालन धार्चे गाउँपालिकाका नागरिकको जीवन यापनको प्रमुख आधार हो । यहाँ ५७% कृषकहरूले खेती वाली गर्ने गरेको छ भने ४९%, कृषकहरूले पशुपालनमा संलग्न छन् । खेती वाली वाट उत्पादनमा मकै ७५३.४३ मे.ट.उत्पादन, कोदो १०१०.१६ मे.ट., गहुँ २४१.९५ मे.ट., आलु ६६२.२५ मे.ट., भटमास १०३.८१ मे.ट. र सिमी १२२.३ मे.ट. उत्पादन हुने गरेको पाईन्छ । त्यसतै पशु पंक्षी तर्फ भने गाई तथा भैसी २९%, कुखुरा ३३%, खच्चड ८%, सुगुर २% र मौरी पालन ०.८% गरेका छन् ।

२८. विभिन्न प्रकारको नगदेवाली खेतीको शुरुवात भएको छ। जसमा सुन्तला, केरा, किवी, कागती, स्याउ ओखर, अलैंची, पुष्प खेती, सतुवा, टिम्मुर, खेती आदि । जडीबुटीहरूको तेल निकाल्ने मेसिन प्रयोगमा ल्याई तेल निकाल्ने कार्यको सुरुवात गरिएको ।

२९. पशुमा कृतिम गर्भधारणको सुरुवात गरिएको छ। आलु कोल्ड स्टोर भवन निर्माण । रेन्बो ट्राउट माछा पालन । ३ स्थानमा पोल्ट्री फार्म । ड्रागन फ्रुट खेतीको शुरुवात । उन्नत जातका बाख्रा र जर्सी गाई पालन । पशु स्वास्थ्य कर्मीहरूको सञ्जाल गठन । माछीखोलामा हाटबजार निर्माण । धार्चे बजारीकरण सञ्जाल समिति गठन लगाएतका कार्यहरू सम्पन्न भएको छ ।

- आ व २०७४।०७५ देखि आ व २०७८।०७९ कृषि तथा पशु पंक्षी विकासका लागी रु.५,७३,२०,७३० वजेट विनीयोजन भई चार वटा कृषक समूह र अन्य उपभोक्ता समिति वाट सुन्तला, अलैंची, सिताके च्याउ, फापर विउ, अंगुर, आलु, कफी वेर्ना, कागती आँप, केरा, ओखर, स्याउ किवि वेर्ना, विउ खरिद मौरी पालन, कालिज पालन तथा वृक्षा रोपण गरिएको छ । मसला वाली विउ खरिद, आलु चिप्स मेसिन तथा नर्सरी निर्माण, जर्सी गाई खरिद, कृषक तालिम सञ्चालन आदि कार्यहरू सञ्चालन गरियो । धार्चेमा ८४ वटा कृषक समूह दर्ता भएका छन् भने व्यवसाय र उत्पादन मुलक ४२ र सेवा मुलक २ वटा रहेका छन् ।
- आलु उत्पादनलाई वर्गिकरण गरी लापु, लाप्राक र गुम्दालाई जोन, (Zone) काशीगाउँलाई पकेट (Pocket), अन्य वडाहरूमा वल्क (Block) वनाई व्यवसायिक खेतिको सुरुवात गरिएको छ । त्यसै गरी काशीगाँउमा किवीको पकेट, काशीगाँउ वेशीमा वेसारको पकेट वनाई व्यवसायिक खेति गरिएको छ ।

**३०. पर्यटन तर्फः** धार्चेको पर्यटनलाई योजनावद्ध र दिगो विकास गर्नका लागि गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन उपसमिति निर्माण गरी पर्यटन विकास, प्रवर्द्धनका लागि विभिन्न किसिमको कार्यहरू सञ्चालन गर्दै आएको छ ।

३१. प्राकृतिक र सँस्कृतिक सम्पदाहरूको खानी रहेको धार्चे गाउँपालिकामा पर्यटन विकासको उच्च सम्भावनालाई मध्य नजर गर्दै **प्रकृति र सस्कृतिको खुल्ला संग्रहालय धार्चे** भन्ने पर्यटन व्राण्ड नै निर्माण गरिएको छ ।

३२. पर्यटन विकासलाई व्यवस्थित, मर्यादित, दीगो वनाई आर्थिक समृद्धि हासिल गर्नको लागि धार्चे गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण गरिएको छ। आन्तरिक तथा वाह्य पर्यटनलाई प्रर्वद्धन गर्न पर्यटन पुर्वाधार

हरूको विकास विस्तार अन्तर्गत माउण्टेन वाइक ट्रेल, जिप फ्लाइङ (लाप्राको गुप्सी पाखामा निमार्णधिन रहेको), ऱ्याफ्टीङ, क्यानोनीङ, प्यारा ग्लाइडीङ, स्की, रक क्लाइम्वीङ जस्ता शाहसिक खेललाई सस्थागत रूपमा अगाडी वढाएको छ ।

३३. धार्चे गाउँपालिकाले भुकम्पवाट सृजित समस्यालाई सम्भावना र अवसरमा परिणत गर्दै भुकम्पीय केन्द्र विन्दु पद यात्रा निर्माण, लाप्राकमा भुकम्पीय चौतारा, इमानसिं आरोही पार्क, वुद्ध पार्क, तमु संग्रहालय, कोइवो भवन, माछीखोला र तातो पानीमा तातो पानी कुण्ड, न्याउली झरना र रुन्चेत झरनामा क्यानोनिङ, रुकाङग र नतुरगाङ वाट प्यारा ग्लाइडिङ, हुलचुक, खोर्ला वेशी र काशीगाउँ वेशीमा रक कलाम्वीङ, वुढी गण्डकीमा ऱ्याफ्टिङ जस्ता सहासिक पर्यटन महोत्सव गर्दै आएको छ । सातैवटा वडाहरूमा होम स्टे निमार्ण, गैर आवसिय नेपालीहरूको सहयोगमा लाप्राकको गुप्सी पाखामा निर्माण गरिएको नमुना एकीकृत वस्तीमा पनि पाहुना घर सञ्चालनमा ल्याएको छ ।

३४. धार्चे गाउँपालिकालाई आरोहीहरूको गाउँपालिका घोषणा गर्ने कार्यक्रम अगाडी बढाइएको छ। धार्चे गाउँपालिकाले (International Mountain Tourism Alliance (IMTA) को निशुल्क सदस्यता प्राप्त गरेको छ । लाप्राक नमुना वस्ती पर्यटकीय सुचना केन्द्र र कोशेली घर निर्माण ।

३५. सालको खम्वा देखि बहुमूल्य जडीबुटी यर्सागुम्बा पाउँने सम्भावना नै सम्भावना बोकेको प्राकृतिक रूपले सुन्दर र साँस्कृतिक विविधताले सम्पन्न धार्चेवाट विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने व्यक्ति मध्ये गण्डकी प्रदेशमा पहिलो र एक दर्जन व्यक्तीहरूले सगरमाथा आरोहण गरी सकेकोले यस गाउँपालिकालाई आरोहीहरूको गाउँपालिका घोषणा गर्न प्रदेश सरकारलाई सिफारिस गरेको छ । लाप्राक नमुना वस्तीलाई नेपालको उत्कृष्ट गन्तव्य स्थान (Top 10 Destination) भित्र सिफारिस गर्न प्रदेशलाई आग्रह गरिएको छ ।

३६. धार्चे कहाँ छ ? किन धार्चे जाने ? भन्ने पर्यटकहरूको जिज्ञासलाई मेटाउँन र पर्यटकहरूको सहजताको लागि एग्रो टुरिजम मोबाईल एप्स निर्माण गरिएको छ । धार्चेको पर्यटकिय गन्तव्यहरू समेटि ब्रोसर निर्माण, धार्चे स्टीकर, धार्चेको आफ्नै धुन, धार्चे चिनारी ट्रेकिङ म्याप, म्यूजिक भिडियो, धार्चेको वृतचित्र, धार्चेको वेव पेज, अतुलनीय धार्चे गाइड वुक (Incredible Dharche Guide Book), पर्यटकीय सुचना वोर्ड (Tourist Information Board) धार्चे प्रमुख गन्तव्यहरू समेटि होर्डिङ वोर्ड, धार्चेको आफ्नै लोगो, धार्चे अंकित हस्तकला जस्ता प्रचार सामग्रीहरूको प्रकाशन र वितरण गर्नाका सथै सातैवटा वडाहरूमा रहेका ९ वटा होमस्टे सचालकहरूलाई स्थानीय सरकार र प्रदेश सरकार बाट अनुदान उपलब्ध गराई विभिन्न तालिमहरू प्रदान गरी होम स्टे सञ्चालन गर्दै आएको छ ।

३७. कान्तिपुर मिडिया मार्फत धार्चेको भुगोल, सस्कार संकृतिलाई विश्व सामु चिनाई धार्चेको पर्यटन प्रवर्द्धन गराए वापत कान्तिपुर मिडियाका पत्रकार भिमलाल श्रेष्ठलाई पर्यटन सदभावना दुत र सागरमाथा आरोही नेपाल पर्वतारोहण संघका तालिम सयोजक तुलसिङ गुरुङलाई आरोही सदभावना दुतको रूपमा सम्मान गरियो ।

३८. नेपाल पर्यटन वोर्डले सञ्चालन गरेको टिकटक प्रतियोगितामा न्याउली झरनाको दृश्यले उत्कृष्ट पुरस्कार प्राप्त गरेको, पर्यटन वोर्डमा धार्चेको फोटो प्रर्दशनी गरिएको । पर्यटन विकास गर्ने उद्देश्यले गोरखाका स्थानिय सरकार प्रमुख र पर्यटन वोर्डका सदस्यहरू वीच छलफल गरी नेपाल पर्यटन वोर्डको वेव साईटमा धार्चेका उत्कृष्ट फोटोहरू राखिएको ।

३९. धार्चेका विद्यार्थीहरूका चाहना र आवश्यक्तालाई विश्लेषण गरी धार्चेको एक मात्र मणिकाम देवी मा.वि मा पर्यटन तथा पर्वतारोहण विषयमा ११ र १२ कक्षा सञ्चालन गरिएको ।

४०. **धार्चेका सबै गाउँ बनाऔं पर्यटकीय ठाउँ भन्ने नाराका साथ** आन्तरिक तथा वाह्य पर्यटकहरूको बसाई लम्व्याउँनका लागी थप घुम्न पर्ने

स्थलहरू नेपालको पहिलो क्यान्टी लिभर पुल, बुद्ध पार्क, कछुवा पार्क, मातृ वात्सल्य मुर्तिकला, खोर्लाकोट, गंगा जमुना देवी थान, दुङला देवीथान, धार्चे हिल, इपी सेन्टर एड्भेन्चर ट्रेल, स्की रुट निर्माण सम्पन्न भएको छ ।

४१. निस्याराङ च्छो जाने पर्यटन पदमार्ग, गणेश हिमाल, गणेश कुन्ड, रुपीनाला जाने पर्यटन पद मार्ग निर्माण सम्पन्न भएको छ । धार्चेमा शाहसिक पर्यटकीय खेलखुदहरू सञ्चालन गर्न समितिहरू गठन तथा होटल व्यवसाय र रिर्सोट सञ्चालन गर्ने प्रकृयामा अगाडी बढेको ।

४३. धार्चेको विकासको मेरुदण्ड भनेको पर्यटन नै हो । यहाँ रहेको पर्यटन सम्भावनालाई व्यवस्थीत, मर्यादीत र दिगो बनाउनको लागि पर्यटन गुरु योजना निर्माण गरिएको छ । धार्चेको पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यकासाथ प्रथम धार्चे पर्यटन महोत्सव सञ्चालन गरिएको छ ।

**४४. उद्योग तथा व्यवसाय तर्फः** धार्चेमा साना तथा घरेलु उद्योग निर्माण र प्रर्वद्धनको लागि गाउँपालिकाले आवश्यक नीतिगत व्यवस्था र योजनाहरू बनाई सकेको छ। धार्चे गाउँपालिकामा साना तथा घरेलु उद्योगहरू पनि सञ्चालनमा रहेका छन् । त्यस्तै गरी नेपाली कागज, अल्लो र सिस्नुको लघु उद्योगहरू सञ्चालनमा रहेको छन् । घरेलु उद्योगहरूले स्थानीय स्तरमै विक्री वितरणका लागि सामाग्रीहरू उत्पादन गर्न स्थानीय श्रम, स्रोतहरूको उपयोग गरी रोजगारीको सृजना गरेको छ ।

४५. धार्चेको सम्भावनालाई ध्यानमा राखी वाह्य लगानी भित्र्याउन, लघु तथा साना उद्योगहरू स्थापना गर्न र उद्योग तथा व्यवसायलाई मर्यादित वनाउन धार्चे गाउँपालिकामा उद्योग वार्णिज्य संघ धार्चे एकाई गठन भएको छ । त्यस्तै गरी धार्चे गा.पा. मा व्यवसायीहरूको सहजताको लागि व्यवसायिक सहायता कक्ष स्थापना गरी पान नं. निशुल्क उपलब्ध गराएको छ । पर्यटन तथा उद्यम विकास शाखा नाम दिइ छुट्टै शाखा निर्माण गरी दरवन्दी माग गरिएको छ ।

४६. धार्चे गाउँपालिकामा व्यापार मूलक व्यवसाय - ७५ व्यवसायहरू दर्ता भई सञ्चालनमा रहेको छ । उत्पादन मूलक व्यवासय- ३१ वटा, सेवा मूलक व्यवासय - २ वटा, सहकारी -१२ वटा, होमस्टे -१२ वटा । घ वर्ग इज्जत पत्र - ११ वटाले लिएको छ ।

४७. एक स्थानिय तहमा एक उद्योग ग्रामको DPR तयार गरेको छ । बौद्ध हिमाल शुद्ध जल ब्राण्डको पानी उत्पादन निर्माणधिन । ३ वटा वेकरी पसल सञ्चालन र दाना उद्योगको शुरुवात । लक्षित युवा वर्गहरू मार्फत माछीखोला अटोमोबाईल वर्कसप सञ्चालन गरिएको छ । लाप्राक नमुना वस्तीमा कोशेली घर निमार्ण गरिएको छ ।

## सामाजिक विकास

**४८. शिक्षा तर्फः** धार्चेको शिक्षाको गुणस्तर, साक्षरताको अवस्थालाई मध्य नजर गरी सर्वसुलभ गुणस्तरीय शिक्षाको पहुँचवाट कुनै पनि मानिस वञ्चितमा नपरुन र उच्च शिक्षा हाँसिलका लागि बसाई सराई गर्नु पर्ने वाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि शिक्षा क्षेत्रको विकासमा वनेका ऐन, कानुन, नीति निर्माण तथा योजना र कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

४९. शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ हो । यस गा.पा. को साक्षरता दर करिव ७१ प्रतिशत रहेको छ । जसमा महिला ६३ प्रतिशत र पुरुष साक्षरता ७७ प्रतिशत देखिन्छ । यस गा.पा.मा सामुदायिक विद्यालय २६ (२४ वटा सामुदायिक विद्यालय भवन निर्माण गरिएको छ), ८ वटा छात्रवासको व्यवस्था गरीएको छ । एक निजि विद्यालय सञ्चालनमा रहेको छ । भिमोदय-धार्चे छात्रवृत्ति अक्षय कोषको व्यवस्था गरी लक्षित वर्गका विद्यार्थीहरू उच्च शिक्षावाट वञ्चित हुन नदिनको लागि भिमोदय वहुमुखी क्याम्पस आरुघाटमा छात्रवृतिको व्यवस्था गरिएको छ ।

५०. शिक्षाको विकासका लागि धार्चे गाउँ पालिकाले गरेका कामहरूमा सबै स्कुलहरूमा कम्प्युटरको व्यवस्थापन, ३ कक्षा सम्मको गुरुङ्ग भाषाको

पाठ्य पुस्तक निमार्ण र कक्षा ५ सम्मको स्थानिय पाठ्यक्रम निमार्ण गरेको छ। साथै स्थानीय सरकारले पहिलो पटक धार्चे गाउँपालिकावाट नै SEE परिक्षा दिने व्यवस्था पनि गरेको छ। धार्चे भरिका स्कुलहरूमा ५२ वटा शिक्षक दरवन्दी ल्याउन सफल भएको र नीजि स्रोतका २५ शिक्षकलाई गा.पा.को अनुदानवाट सेवा सुविधा दिने व्यवस्था गरिएको छ। जसले गर्दा गाउँपालिकालाई २ करोड बरावरको आर्थिक व्ययभार कम भएको छ। धार्चे ७, लापुवेशीमा मेगा विद्यालय निर्माणाधीन अवस्थामा रहेको छ भने वडा नं. ४, लाप्राकमा मणिकाम देवि मा.वि.मा वन विज्ञान विषयको पढाई सञ्चालनको लागि तयारीमा रहेको छ।

**५१. खानेपानी सरसफाई तथा स्वच्छता तर्फः** धार्चेको खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना निर्माण गरिएको छ। धार्चे वासीलाई स्वच्छ पिउने पानीवाट वञ्चिती हुन नदिनका लागि एक घर एक धाराको नीतिलाई अवलम्वन गरी ७ वटै वडाका सवै टोलहरूमा खानेपानीको विस्तार र पहुँचको लागि गाउँपालिका संघ सस्था तथा प्रदेश सरकारसँगको सहकार्यमा स्वच्छ पिउने पानीको सुनिश्चितताका काम गर्दै आएको छ भने अहिलेसम्म १ घर १ धारा कार्यक्रम ५ गाउँमा सम्पन्न भएको छ।

५२. खानेपानी सँग जोडिएको अत्यान्तै महत्वपूर्ण विषय सरसफाई हो। यस क्षेत्र सँग सम्वन्धी कार्यहरूमा गाउँपालिकाले ल्याण्ड फिल्ड साइट निमार्ण, खच्चड व्यवस्थपनसँगै खुल्ला दिशामुक्त गाउँपालिका घोषणा, पूर्ण सरसफाई गाउँपालिका जस्ता कार्यहरू सम्पन्न गर्नको लागि आवश्यक कार्यहरू गर्दै आएको छ। गाउँपालिका स्तरीय र वडा स्तरीय खानेपानी तथा स्वच्छता प्रवर्द्धन समिति गठन गरी खानेपानी तथा सरसफाई एकाईसँगको समन्वयमा विविधकार्यहरू सञ्चालन गर्दै आएको छ।

**५३. स्वास्थ्य तर्फः** धार्चे गाउँपालिका भौगलिक रूपमा विकट छ। यहि विकट्ताको कारणले जनतालाई सर्व सुलभ रूपमा स्वास्थ्य र पोषणका कार्यहरू सरल र सहज पहुँच पुऱ्याउनको लागि ज्यादै चुनौतीपुर्ण हुदै

आएको छ। तथापि स्वास्थ्य सेवा जनताको आधरभुत आवश्यक्ता हो। यो कार्य धार्चे गाउँ सरकारको पहिलो जिम्मेवारी भएकोले जनताले पाउनु पर्ने आधारभुत स्वास्थ्य सुविधाहरू (औषधि र उपचार) को व्यवस्थापन गर्नका लागि गाउँपालिकाको निरन्तरता प्रयासवाट ७ वटा स्वास्थ्य चौकी भवन प्रिफ्याववाट निर्माण गरिएको र ६ वटा समुदायिक स्वास्थ्य केन्द्र पक्की भवन निर्माण सम्पन्न भएको छ, । त्यसतै गरी ५ वटा वर्थिङ सेन्टर निर्माण गरी सञ्चालन ल्याएको छ।

५४. स्वास्थ्यलाई विशेष ध्यान दिई माछीखोलामा ५ शैया अस्पतालको DPR र खोर्ला वेसीमा १५ शैयाको सामुदायिक हस्पिटल भवन निमार्णधीन रहेको छ। जसले गर्दा स्वास्थ्य जस्तो आधारभुत र आवश्कीय सेवावाट धार्चेवासी वञ्चीत हुनु पर्ने अवस्थामा सहजता हुनेछ। धार्चे वासीहरूको स्वास्थ्य सेवामा सरल सहज पहुँचका लागि ३ वटा एम्वुलेन्सवाट सेवा प्रदान गर्दै आएको छ।

५५. विश्व व्यापीरूपमा फैलिएको कोरोना महामारीसँग जुध्न गाउँपालिकाले विशेष वजेट तथा कार्यक्रम र पालिका प्रवेश द्धवार लापुको फुंगी खोलामा मास क्वारेनटाईन, र गाउँपालिका केन्द्र माछीखोलामा कोभिड अस्पताल, आइसोलेसन र क्वारेनटाइन निर्माण सवै वडाहरूमा पनि आइसोलेसन र क्वारेनटाईन निर्माण गरी सञ्चालनमा ल्याएको छ। भविष्यमा पर्न सक्ने यस्ता किसिमका विपतीहरूसँग लड्नको लागि तयारी अवस्थामा रहेको छ। धार्चे गाउँपालिकाले कोरोना भाइरस विरुद्धको पुर्णखोप सुनिश्चीतता गरी गण्डकी प्रदेशको पहिलो गाउँपालिका घोषणा गरिएको छ।

**५६. युवा तथा खेलकुद विकास तर्फः** धार्चे गाउँपालिकामा रहेको २.४ प्रतिशत वेरोजगारीको दरलाई कम गर्न धार्चे गाउँपालिकाले वेरोजगाहरूको तथ्यांक संकलन र सुचिकृत गरी ति वेरोजगारहरूलाई ३०२५७ दिन वरावरको रोजगारी प्रदान गरिएको छ। यसको साथै उनीहरूको रुचि र आवश्यक्तालाई ध्यान दिएर विविध किसिमका कार्यक्रमहरू जस्तैः कुक वेटर, सिकर्मी, डकर्मी, मिस्त्री, टुरिष्ट गाइड जस्ता सिप विकास

सम्वन्धी तालिमहरू सञ्चालन गरी युवा वेरोजगारी कम गर्ने कार्यहरू सञ्चालनमा ल्याई लक्षित वर्गका युवाहरूलाई समेटी विशेष अनुदानको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिएको छ ।

५७. धार्चे गाउँपालिकाको विकासका संवाहक युवाहरूको विकास, उनीहरूको पहिचान, क्षमता अभिवृद्धि गराई व्यवसाय, खेलकुद जस्ता क्षेत्रहरूमा गरिएका पहल तथा लगानीहरूले धार्चेमा रहेका युवा पुस्ताहरूले प्रत्येक वर्ष अध्यक्ष तथा उपाध्यक्ष कप खेलकुदको आयोजना गरेको छ । साथै धार्चेमा युवा तथा खेलकुद क्षेत्रको विकासको लागि गा.पा.स्तरीय खेलकुद समिति गठन गरी विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**५९. लैंगीक समानता तथा सामाजिक समावेशिकरण तर्फः** धार्चे गाउँपालिकाले गरेका विशेष कार्यहरूमा लक्षित वर्गको पहिचान, उनीहरूको सशक्तीकरण, अनुदान तथा कोषको व्यवस्था, विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । लैससासलाई योजना छनोट प्रकृयामै समावेश गरी योजना कार्यन्वयन अनुगमन जस्ता क्षेत्रहरूमा उनीहरूको सहभागिता, कानुन, नीति तथा योजना निर्माण गर्दा उनीहरूको अनिवार्य सहभागिता जस्ता पक्षलाई धार्चे गाउँपालिकाले विशेष महत्वका साथ अगाडि वढाएको छ ।

६०. लैससास कार्यविधि निमार्ण तथा लैससास नीति निमार्ण गरी लैससास परिक्षण गरिएको छ । संकटासन्न वर्गको तथ्यांक संकलन (एकल महिला र वृद्धवृद्धा, जेष्ट नगरिक, अपाङ्गता भएका व्यक्ति, अति विपन्न विस्थापत) गरी यि वर्गहरू लक्षित नीति कार्यक्रम बनाई वजेटको व्यवस्थापन गरिएको । एकल महिला र वृद्धवृद्धा, जेष्ट नगरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचय पत्र वितरण शिविर सञ्चालन गरिएको ।

## वन वातावरण तथा विपद व्यवस्थापन

६१. वन वातावरण तथा विपद व्यवस्थापन अत्यान्तै संवेदनशिल र महत्वपुर्ण क्षेत्र हो । त्यस माथि पनि धार्चे गाउँपालिकाको अधिकांश क्षेत्र विपद र विपदवाट उत्पन्न हुने जोखिमको हिसावले अति संवेदनशिल क्षेत्रमा पर्ने भएकोले धार्चे गाउँपालिकाले विपद र यसवाट उत्पन्न हुने जोखिमलाई

मध्य नजर गर्दै विपद पुर्वतयारी, प्रकोप जोखिम न्युनीकरण योजना निर्माण गरी कार्यन्वयन गरेको छ ।

६२. जोखिममा रहेको वस्तीहरूको पहिचान र जोखिममा पर्न सक्ने वस्तीहरू पहिचान गरी लाप्राकको गुप्सी पाखामा एकीकृत वस्ती वसाइएको छ भने केरौजाका वस्तीहरूलाई केरौजा वेशीमा सारि केरौजा वेशीलाई एकिकृत वस्ती विकास गर्ने कार्य अगाडी वढेको छ । त्यस्तै लापुको भिरकुनामा रहेको वस्ती स्थानन्तरणका लागि आवश्यक छलफल गरी प्रकृया अगाडी वढाइएको छ ।

६३. गाउँपालिकाको केन्द्र माछीखोला वाढी तथा पहिरोको हिसावले उच्च जोखिम क्षेत्रमा पर्ने भएकोले माछीखोला तटवन्धनको लागि DPR वनाई कार्यन्वयनमा ल्यइएको छ । जलवायु परिवर्तनका कारण निम्तने विभिन्न असरहरू मध्य वाढी पहिरो, डढेलो जस्ता विपद र यसवाट निम्तन सक्ने क्षेतिहरूलाई मध्य नजर गर्दै जलवायु परिवर्तन र यसका असरसँग अनुकुलन कार्यक्रमहरू सञ्चालन गरिएको छ । धार्चेमा डढेलो लगाउने कार्यलाई निरुत्साही गर्न विशेष कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

६४. राहत र उद्धार कार्यलाई सहज वनाउनको लागि हेलि प्याडको निर्माण गरिएको छ । वाढीको जोखिम रहेको ठाउँहरूमा आवश्यक तटवन्धन र आपतकालिन केन्द्र निर्माण गर्ने कार्यहरू प्राथामिकिकरणमा परेका छन् ।

६५. वन पैदावरमा धार्चे गा.पा. विशेष धनि भएकोले जडीवुटिको संरक्षण, संकलन र व्यापारको लागि अर्ध प्रशोधन केन्द्र निर्माण, जडिवुटीको व्यावसायिक खेती र कस्तुरी प्रजनन केन्द्र निमार्ण जस्ता कार्यक्रमहरूले प्राथमिक्ता पाएको छ ।

## सस्थागत तथा सुशासन विकास

६६. स्थानिय सरकार जनताको सवै भन्दा नजिकको सरकार हो । सेवा प्रवाह, विकास निमाण र जनताको सर्वाङ्गीण विकासको गर्ने जिम्मेवारी हो । जनताले सरल सहज र प्रभावकारी सेवा प्राप्त गर्नु जनताको अधिकार हो भने सरकारको जिम्मेवारी र कर्तव्य हो । त्यसैले धार्चे गाउँपालिकाले

सस्थागत क्षमता विकास तथा सस्थागत विकास भए मात्र प्रभावकारी सेवा प्रवाह गर्न सकिने पक्षलाई आत्मसाथ गर्दै जनप्रतिनीधि तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

६७. जनतालाई सेवा प्रवाह गर्दा र विकास निमार्णका कार्यहरू गर्दै गर्दा सुशासन (पारदर्शिता, जवाफदेहित आदि) जस्ता पक्षहरू पनि सँगै जोडिएर आउने भएकोले यि क्षेत्रहरूमा गरिएका कार्यहरूले झनै अर्थ राख्ने र धार्चे गाउँपालिकामा कतिको सुशासन कायम भएको छ भन्ने पक्षले ठुलो अर्थ राख्ने भएकोले सार्वजनिक सुचना, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण जस्ता औजारको प्रयोग गर्दै आएको छ ।

**६८. सुशासन तथा सेवा प्रवाहः** स्थानीय सेवालाई स्वच्छ सक्षम निष्पक्ष पारदर्शी भ्रष्टाचार मुक्त जन उत्तरदायी र सहभागिता मूलक वनाउँदै गा.पावाट प्राप्त हुने सेवा सुविधा नागरिकताको सम्मान र सहज पहुँच स्थापित गर्न सुशासन जरुरी हुन्छ । गा.पा.ले आफ्नो कार्य व्यवस्थापन गर्न ८ शाखा र सात वटा वडा कार्यालय सहितको संगठनात्मक सम्रचना स्वीकृत भई ३४ जनाको दरबन्दी कायम भएको छ । प्रत्येक वर्ष गाउँपालिकाले आफुले प्रवाह गरेको सेवामा आधारीत रहि सार्वजनिक सुनुवाई गर्दै आएको छ । यसरि गरिने सर्वजनिक सुनुवाईमा नागरिक अभिमत, वहिर गमन विधि मार्फत तथ्यांक संकलन गर्दा गाउँपालीकाले गरेको सेवा प्रवाह सन्तुष्टि ३५ प्रतिशत रहेका छन ।

६९. गा.पा.ले वेव साइट, सामाजिक सञ्जाल (फेसबुक र टुईटर), नागरिक वडापत्र (सबै वडाहरूमा अडियोबाट गुरुङ भाषा र फ्लेक्स) टोल फ्रि नम्वर, गुनासो पेटीका, डिजिटल बोर्ड र सि.सि. टिभी आदि प्रयोगमा ल्याई सुचनाको प्रवाह र गुनासो व्यवस्थापन गर्ने गरिएको र सुचना अधिकृत लगाएत विषयगत सम्पर्क व्यक्ति तोकिएको छ । धार्चेको लागि हिमचुली अनलाइन खवर पत्रिका सञ्चालनमा ल्याएको ।

७०. गाउँपालिकाको खर्च र हिसाव कितावलाई अनलाइन व्यवस्थामा प्रविष्ट गरी सुत्र प्रणाली, राजस्व संकलनलाई व्यवस्थित गर्न सफ्टवेयर लागु गरिएको छ ।

७१. योजना अनुगमन गर्ने कार्यलाई अनलाइन प्रणाली (सोलिस्टीक एप) वाट गरिएको छ भने डिजिटल धार्चे भन्ने अवधारणालाई साकर बनाउन योजनाको सफ्टवेयर सञ्चालन गरी कागजि प्रकृयालाई प्रतिस्थापन गरी कम्प्युटर प्रणालीवाट गरिएको छ ।

७२. गाउँपालिकाले निमार्ण गरेको आवधिक योजना, प्रोफाईल, खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गरिएको छ भने यसकै आधारमा वार्षिक योजनाको निमार्ण गरी वजेट विनियोजन गरी कार्यन्वयन गरिएको छ । आन्तरिक राजस्व संकलनमा सुधार गर्नको लागि आन्तरिक राजस्व सुधार कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिएको छ ।

७३. नेपाली भाषासँग परिचित नभएका तथा सुचनाको विश्वासनियतालाई मध्य नजर गर्दै गाउँ टोलहरूमा सुचना सञ्चार गर्नको लागि ७ वटै वडाहरूमा एक वडा एक कटुवाल करारमा नियुक्ति गरी कटुवाल प्रथालाई सस्थागत रूपमा अगाडी बढाएको छ ।

७४. विगत २ आर्थिक वर्षदेखि स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकन (**LISA**) सम्पन्न गरिएको छ । स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकनबाट प्राप्त नतिजा अनुसार गाउँपालिकाको राम्रा पक्षहरुलाई निरन्तरता दिँदै कमजोर विषय क्षेत्रहरुमा सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयन गरीदै आएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वयनको लागि लैंगीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरी कार्ययोजना निमार्ण गरी कार्यन्वयन गरिएको छ । भुकम्प पश्चातको धार्चेको पुननिर्माण भन्ने पुस्तक प्रकाशन गरिएको छ ।

७५. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि महावीर पुन, वर्ल्ड लिंक र नेपाल दुरसंचारसँगको सहकार्यमा गाउँपालिका वडा

कार्यालयहरु विषयगत कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर तथा इन्टरनेट व्यवस्था गरिएको छ। मोबाईल फोनको टावर निर्माण गरी फोन नलाग्ने समस्यको समाधान गरिएको छ।

७६. गाउँपालिकाको सेवा प्रवाह समय सापेक्ष प्रभावकारी गुणस्तरीय र पारदर्शी बनाउनको लागि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई विविध क्षेत्रहरुको तालिम प्रदान गरिएको साथै सिकाई तथा अध्ययन भ्रमण सम्पन्न गरिएको छ।

७७. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्वन्ध स्थापना गरी समन्वय तथा सहकार्य, एक आपसमा सिकाई तथा प्रविधि आदन प्रदान, पर्यटन विकास लगाएतका क्षेत्रमा महत्वपुर्ण कार्यहरू गर्नेको लागि जर्मनीको कुनै एक राज्यसँग भगिनी सम्वन्ध विस्तारको लागि प्रकृया अगाडी बढेको।

## आगामी कार्यदिशा

पाँच वर्षमा धार्चेको विकासको लागि आवश्यक पर्ने योजना, नीति, रणनीति, कार्यनीति र आवश्यक कानुन निर्माण गरी कार्यन्वयनमा ल्याएता पनि, संघ, प्रदेशवाट अर्थिक अनुदानहरू आए पनि र दातृ निकायहरूवाट विविध साथ सहयोग प्राप्त भए पनि धार्चेको विकासका लागि कोरिएको मार्ग चित्रलाई पुरा गर्न ५ वर्ष कार्यकल पर्याप्त थिएन। संघियताको कार्यन्वयन गर्ने पहिलो सरकार र यो सरकार सञ्चालनका लागि बन्नु पर्ने कानुन, नीति तथा नियमहरू समयमै बनेको भए। संघियता कार्यन्वयनका लागि खटिने कर्मचारीहरू अनुभवि, परिपक्व र गा.पा.को आवश्यक्ता अनुसार समयमै उपलव्ध भएको भए, कर्मचारी सरुवा भई रहने अवस्था नभएको भए र संघ र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम गाउँपालिकाको प्राथमिक्ता र आवश्यक्तामा आधारित भई प्राप्त गर्न सकिने व्यवस्था भए, विश्व व्यापिरूपमा फैलिएको कोरोना माहामारीले सेवा प्रवाह र विकास निर्माणको कामलाई ठप्प नपारेको भए, पक्कै धार्चे गाउँपलिकाले अहिलेको भन्दा धेरै सफलता हासिल गर्न सक्थ्यो भन्ने कुरामा दुईमत नै नहोला। तथापी धार्चे गाउँपालिकालाई

## *सुन्दर सुरक्षित समृद्ध धार्चे*

सुन्दर सुरक्षित समृद्ध बनाउनको लागि कोरिएको स्पष्ट दुर दृष्ट्रि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू अनुसार धार्चेको विकास र समृद्धि हासिल गर्नको लागि आवश्यक पर्ने बलियो जग तयार भयो ।

नेपालको पहिलो संघिय व्यवस्थामा पहिलो स्थानीय सरकार (जनताको सरकार) भएर काम गर्दै गर्दा पक्कै पनि धार्चे वासीहरूको आकंक्षा अत्याधिक ठुलो थियो । धार्चे बासीको इच्छा आकांक्षाहरूलाई पुरा गर्न विविध समस्या, चुनौती र परिस्थितीमा पनि निरन्तर जनताको सेवामा धार्चे गाउँपालिका सर्मपित रह्यो । ५ वर्षे कार्यकालमा धार्चे बासीको सेवा र विकासमा खटिदै गर्दा, प्राप्त गर्न र सम्पन्न गर्न सकिने कामहरू सम्पुर्ण जनप्रतिनीधि, कर्मचारी, धार्चे वासी, विभिन्न सरोकावला निकाय, दातृ निकाय तथा संघ सस्थाहरूको सहयोगमा सम्पन्न भई सञ्चालनमा रहेको छ । समृद्ध धार्चे निमार्णको अभियानका सवै हातहरू, सहयात्रीहरू विशेष धन्यवादको पात्र हुनु हुन्छ । हामीले तय गरेको धार्चेको समृद्धि हाँसील गर्न ५ वर्षे कार्यकालमा सिकेका सिकाईहरूलाई आत्मासाथ गर्दै प्रभावकारी समन्वय, सहकार्य र सहअस्तीत्वलाई मुल मन्त्र बनाई सवैसँग हातेमालो गर्दै अगाडी बढ्नु पर्ने आजको आवश्यक्ता भएको छ ।

धार्चेको विकासका लागि आर्थिक वर्ष २०७५/०७६ मा निमार्ण गरिएको पञ्च वर्षिय आवधिक योजना कार्यन्वयनमा रहेको छ । यो पञ्च वर्षिय आवधिक योजनाले लिएको लक्ष्य पुरा गर्ने लक्षित आर्थिक वर्ष २०८०/८१ रहेकोले अवको विकास र समृद्धि हाँसिल गर्ने मार्गदिशा यहि आवधिक योजना हुने छ, भने यस आवधिक योजनालाई नै मुख्य आधार वनाई धार्चेको विकासको **५ वर्षे कार्यदिशा** तय गरी पुरा गर्ने प्रतिवद्धताका साथ अगाडी वढ्नेछ ।

| क्र.सं. | सूचक | इकाई | आधार रेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | | ०७८/०७९ | ०८०/०८१ |
| १ | मानव विकास सूचकांङ्क | सूचकांङ्क | ०.५७४ | ०.६०० | ०.६२४ |
| २ | आर्थिक वृद्धि दर | प्रतिशत | ७.०६ | ९.५ | ९.५ |
| ३ | कुल गार्हस्थ्य उत्पादन दर | रु. अर्ब | १.५९ | २.०८ | २.५० |
| ४ | प्रति व्यक्ति वार्षिक आय दर | रु हजार | ८४ | १०४ | १२० |
| ५ | आफ्नो उत्पादन वाट वर्ष भरि खान पुग्ने परिवार | प्रतिशत | २२ | २५ | ३५ |
| ६ | कृषि क्षेत्रमा संलग्न घर परिवार (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ८३ | ७८ | ७० |
| ७ | आम्दानीको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७८ | ७० | ६५ |
| ८ | मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | ७० | ८५ | ९० |
| ९ | बाह्रै महिना सञ्चालन हुने सडक | कि.मि. | १५ | ३० | ६० |
| १० | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ३७ | ४० | ४५ |
| ११ | वेरोजगारी | प्रतिशत | २.२४ | २ | १ |

| क्र.सं. | सूचक | इकाई | आधार रेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | | ०७८/०७९ | ०८०/०८१ |
| १२ | व्यवसायिक र प्राविधिक सीप युक्त जनशक्ति | संख्या | ३७६ | ५०० | १,००० |
| १३ | वैदेशिक रोजगारीमा गएकाको संख्या | प्रतिशत | ७.८ | ६ | ५ |
| १४ | पाइप वाट खाने पानी सुविधा पुगेको परिवार | प्रतिशत | ९७ | ९८ | १०० |
| १५ | गरिवीको रेखामुनि रहेको परिवार | प्रतिशत | २१ | १९ | १७ |
| १६ | न्युनतम पुर्वधार (सडक, वत्ती, मोवाइल र टेलिभिजन सहितको सुविधामा पहुँच भएको घर धुरी) | प्रतिशत | २० | ४० | ५० |
| १७ | १ घण्टा भित्र स्वास्थ्य सस्थामा पहुँच भएको जनसंख्या | प्रतिशत | ५० | ७५ | ९० |
| १८ | संक्षेर जनसंख्या | प्रतिशत | ७१ | ८१ | ९५ |

* राष्ट्रिय आँकडामा आधारित ।

* प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको ।

# अनुसुची १

धार्चे गाउँपालिकाको गाउँ सभाबाट जारी भएका ऐन, नियमावली, कार्यविधि तथा ऐन निर्देशीकाहरूको विवरणः

## ऐनः

१. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

२. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्थापन गर्ने ऐन, २०७५

३. धार्चे गाउँपालिकाको सहकारी ऐन, २०७५

४. धार्चे गाउँपालिकाको शिक्षा ऐन, २०७५

५. धार्चे गाउँपालिकाको विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५

६. धार्चे गाउँपालिकाको कृषि व्यावसाय प्रवर्द्धन ऐन, २०७५

७. धार्चे गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

८. धार्चे गाउँपालिका भित्र सञ्चालनमा रहेको व्यवसाय दर्ता गर्न वनेको ऐन, २०७६

९. धार्चे गाउँपालिकाभित्रको भूमि व्यवस्था गर्न बनेको ऐन, २०७७

१०. धार्चे गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७७

११. धार्चे गाउँपालिका विपद् व्यवस्थापन ऐन, २०७७

१२ सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७७

१३. धार्चे गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेको ऐन, २०७७

१४. धार्चे गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन सम्बन्धी विधेयक, २०७८

१५. धार्चे गाउँपालिकाको संस्था दर्ता विधेयक, २०७८
१६. धार्चे गाउँपालिका आर्थिक ऐन, २०७८
१७. धार्चे गाउँपालिका विनियोजन ऐन, २०७८
१८. धार्चे गाउँपालिकाको स्वास्थय तथा सरसफाइ ऐन, २०७७

## नियमावलीहरू:

१. धार्चे गाउँपालिका शिक्षा नियमावली, २०७५
२. धार्चे गाउँपालिकाको सहकारी नियमावली, २०७७
३. धार्चे गाउँपालिका जलस्रोत उपयोग नियमावली, २०७७
४. सार्वजनिक निजी साझेदारी नियमावली, २०७७
५. धार्चे गाउँपालिकाको सार्वजनिक खरीद नियमावली, २०७८
६. भ्रमण खर्च नियमावली, २०७८

## निर्देशिका

१. धार्चे गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५
२. धार्चे गाउँपालिकाको उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५
३. करार कर्मचारी पदपूर्ति निर्देशिका, २०७५
४. प्रकोप व्यवस्थापना कोष निर्देशिका, २०७५
५. जडीबुटी संरक्षण तथा उपभोग निर्देशिका, २०७५
६. पर्यटन-प्रबर्द्धन-समिति-निर्देशिका, २०७६
७. पर्यटन प्रवर्द्धन समिति संचालन निर्देशिका, २०७६
८. धार्चे गाउँपालिकाको स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७७
९. घर जग्गा लिज तथा  बहाल निर्देशिका, २०७८
१०. निजी साझेदारी योजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०७८

११. योजना अनुगमन निर्देशिका, २०७७
१२. स्थानीय तहमा संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७७
१३. गोरेटो वाटो मर्मत सम्भार निर्देशिका, २०७८
१४. धार्चे सामुदायिक अस्पताल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८

## कार्यविधि

१. करार शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०७४
२. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि, २०७५
३. धार्चे गाउँपालिका आपतकालिन  कार्यसंचालन केन्द्र कार्यविधि, २०७५
४. धार्चे गाउँपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५
५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५
६. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५
७. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
८. धार्चे गाउँपालिका एफ एम रेडियो संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५
९. धार्चे गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने  कार्यविधि, २०७५
१०. धार्चे गाउँपालिकाको स्थानिय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५
११. धार्चे गाउँपालिकाको जडिवुट्टि संरक्षण तथ उपभोग र्निदेशिका, २०७५
१२. धार्चे गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता कार्यकम सञ्चालन कार्यविधि २०७५
१३. धार्चे गाउँपालिकाको अपाङ्गता परिचय पत्र वितरण कार्यविधि, २०७५
१४. धार्चे गाउँपालिका कर्मचारी कल्याणकोष संचालन कार्यविधि, २०७६

१५. धार्चे गाउँपालिकाको निर्माण जन्य पदार्थ उत्पादन, उत्खनन तथा प्रशोधन कार्य गर्न वनेको कार्यविधी, २०७६
१६. धार्चे गाउँपालिकाको व्यावसाय दर्ता तथा नविकरण कार्यविधि, २०७६
१७. धार्चे गाउँपालिकाको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७६
१८. धार्चे गाउँपालिकाको स्वरोजगर प्रवद्धन कोष सञ्चालन कार्यविधि, २०७६
१९. धार्चे गाउँपालिकाको NGO सञ्चालन कार्यविधि, २०७६
२०. टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६
२१. कृषि हाट वजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
२२. मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७७
२३. लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७
२४. IEE तथा EIA कार्यविधि, २०७७
२५. फोहर मैला व्यवस्थापन कार्यविधि, २०७७
२६. क्वारेन्टाइन केन्द्रमा हुने लैंगिक तथा यौनजन्य हिंसा रोकथाम कार्यविधि, २०७७
२७. सार्वजनिक परीक्षण कार्यविधि, २०७७
२८. सार्वजनिक सुनुवाइ कार्यविधि, २०७७
२९. व्यवसायिक कृषि उत्पादनको लागि जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७
३०. कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७७
३१. क्वारेन्टाइन निर्माण सम्बन्धी कार्यविधि, २०७७
३२. कोरोना भाइरस संक्रमण रोकथाम तथा राहत उपचारकोष संचालन सम्बन्धी कार्यविधि, २०७७
३३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७
३४. स्थानीय तहको कृषि शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
३५. मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८

३६. खेलकुद विकास कार्यविधि, २०७८
३७. राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
३८. वजेट तथा कार्यत्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
३९. युवा तथा लक्षितवर्ग उद्यमशिलता विकास अनुदान कोष सञ्चालन कार्यविधि, २०७७
४०. मेलमिलाप कोष सञ्चालन कार्यविधि, २०७८
४१. विद्यालय भौतिक संरचना मर्मत सम्भार कार्यविधि, २०७८

## मापदण्ड

१. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाइ उपलव्ध गराइने राहत सम्वन्धी मापदण्ड, २०७६
२. खर्चको मापदण्ड, २०७७
३. धार्चे गाउँपालिकाको भवन तथा योजना मापदण्ड, २०७७

## नीति

१. धार्चे गाउँपालिकाको लै स सा स नीति, २०७८
२. सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७६
३. लैंगिक समानता तथा समाजिक समावेशिकारण नीति, २०७७
४. वाल विवाह अन्त्यकालागि स्थानिय रणनीति, २०७८

# अनुसुची २

## घोषणा पत्र

१. धार्चे गाउँपालिकाको आम्दानी स्रोत मध्य आन्तरिक राजस्व ज्यादै महत्वपुर्ण भएकोले यसलाई व्यवस्थित वनाउनको लागि निमार्ण गरिएको आन्तरिक राजस्व सुधार कार्य योजनालाई संसोधन गर्दै धार्चेको राजस्वको दर र दायरालाई फराकिलो वनाउँदै संघ र प्रदेश माथिको निर्भरतालाई घटाइने छ ।

२. दोहोरो कर तिर्नु पर्ने अवस्थालाई विशेष ध्यान दिदै सहुलियतलाई विशेष प्रथामिक्ता दिइने छ । करका प्रशासनिक प्रकृयाहरूलाई सहज, सरल वनाइने छ भने उठ्नु पर्ने र उठेका करलाई पारदर्शी र जवाफदेहि वनाउदै सुचना प्रविधीको पुर्ण उपयोग गरिने छ ।

३. सवैलाई भरपर्दो, स्तरिय र सुलभ स्वास्थ्य सेवा भन्ने लक्ष्यका साथ धार्चेको स्वास्थ्य क्षेत्रको नीति र कार्यक्रम वनाई सञ्चालन गरिने छ । सामान्य भन्दा सामान्य रोगको उपचार सुविधा नपाई कुनै पनि धार्चे वासीहरूले अकालमा ज्यान गुमाउन नपरोस भन्ने हुनेछ ।

४. सरकारले कडा रोग भनि वर्गिकरण गरेका रोगका विमारीहरूको पहिचान गरि उपचार तथा औषधिको व्यवस्थापनमा सहजिकरण गर्दै डायलेसिस सेवा लिनु पर्ने दिर्घ रोगिहरूको लागि गाउँ पालिकाले छुट्टै कोष स्थापना गरि विशेष सहयोग गरिने छ। निशुल्क प्राप्त हुने औषधिहरूको व्यवस्थापन, पहुँच र उपलव्धता गाउँपालिकाले सुनिश्चित गर्ने छ ।

५. महिलाको आङ खस्ने तथा पाठेघर सम्वन्धी समस्याहरू (क्यान्सर) जास्ता रोगको पहिचान गर्ने कार्यका लागि आवश्यक औजारको व्यवस्था गरि सेवा प्रदान गरिने छ । त्यसतै गरि **प्रत्येक धार्चे वासिको स्वास्थ्य विमा गर्ने** कार्यक्रमलाई विशेष महत्व दिई कार्यन्वयनमा ल्याइने छ ।

६. सामान्य भन्दा सामान्य चोटपटक, घाउहरूको सल्यक्रिया गर्ने कार्य

लगायत अन्य सेवाको लागि आवश्यक पर्ने स्वास्थ्यका उपकरण तथा औजारहरूको आवश्यक्ता हेरि व्यवस्थापन गरिने छ भने दक्ष जनशक्तिको पनि व्यवस्थापन गरिने छ। साथै २०० घर धुरी भएको वस्तीमा दरवन्दी सहितको **सामुदायिक स्वास्थ्य एकाई** स्थापना गरि सेवा प्रदान गरिने छ।

७. दुई सन्तान ईश्वरको वरदान भने झैं २० वर्ष उमेर काटेको महिलावाट पहिलो सन्तान छोरी जन्मिएको खण्डमा ती छोरीको नाममा बैंक खाता खोली शिक्षीत धार्चे वनाउनको लागि रु.पाँच हजार शैक्षिक अनुदानको रुपमा व्यवस्था गरिनेछ।

८. धार्चे गा.पा. भित्र खटि रहेका स्वंयम सेविका महिला दिदी बहिनीहरूको भत्तामा वृद्धि गराईने छ। २० वर्ष सम्म यो काम गरी अवकाशमा बसेमा उपदान स्वरुप गाउँपालिकाले राहत रकम प्रदान गरिने छ।

९. सुरक्षित मातृत्वलाई विशेष ध्यान दिई वर्थिङ सेन्टरमा सन्तान जन्माउने अभियानलाई सफल बनाउन वर्थिङ सेन्टरमा सन्तान जन्माउने सुत्केरी आमाहरूको यातायात खर्चमा बृद्धि गराइने छ। धार्चेको खाद्य सुरक्षा र सम्प्रभुतालाई विशेष प्रथामिकता दिइ कुपोषणको अन्त्य गरि कुपोषण मुक्त गाउँपालिका घोषणाका लागि विभिन्न सरोकारवालहरूसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिने छ।

१०. स्वच्छ, सफा खानेपानीमा सवैको सहज पहुँच पुऱ्याउनको लागि सञ्चालन गर्दै आएको एक घर एक धारा सम्पन्न नभएका वस्तीहरूमा सम्पन्न गर्ने र सरसफाई तथा स्वच्छ गाउँ पालिका निर्माणका लागि सबै बस्तीहरूमा सरसफाई, फोहर मैला व्यवस्थापन तथा व्यवस्थीत ढल निकासको व्यवस्थापन गर्ने। स्वच्छ सफा र हरभारा धार्चे निमार्ण गरि **सरसफाई युक्त**, **वातावरण मैत्री** गाउँ पालिका निमार्ण गरिने छ।

११. संकटासन्न घर परिवारको लागि निशुल्क खानेपानी व्यवस्था गर्ने। सुरक्षित र स्वच्छ पिउने पानीमा धार्चे वासीको सहज पहुँचको लागि ७ वटै वडाका खाने पानीको नमुना संकलन गरि पानीको गुणस्तर कायम गरिने छ र खानेपानीहरूको मुहान संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२. सामाजिक सुरक्षा भत्तालाई सहज र व्यवस्थीत बनाइने छ भने जेष्ठ नागरिकहरूको लागि गाउँपालिका स्तरीय जेष्ठ नगारिक आश्रम निमार्ण गरि सञ्चालनमा ल्याइने छ। सो आश्रम सञ्चालनको लागि कोष खडा गरिने छ । चन्दाकोरुपमा गरिने नगद सहयोगमा कर छुटको व्यवस्था गरिनेछ ।

१३. एकल महिला तथा पुरुष, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, जिविकोपार्जन तथा रोजगारीको लागि अनुदान कोष खडा गरिनेछ भने धार्चे गाउँपालिकाले निर्माण गर्ने सार्वजनिक पुर्वधारहरूमा वालवालिका तथा अपाङ्ग मैत्री प्रविधि राखी निर्माण गरिनु पर्ने मापदण्डलाई अनिवार्य गरिनेछ ।

१४. युवा लक्षित चुनौती कोषलाई वजेट थप गरि निरन्तरता दिइने छ । धार्चेमा रहेका वेरोजगार युवाहरूलाई रोजगार तथा आत्म निर्भर वनाउन युवा उद्यमशिल्तालाई प्राथमिकता दिइने छ । यसको लागि जडिवुटि खेती, वेसार, अदुवा लगाएतका खेतीलाई व्यवसायिक बनाई २०० जना वेरोजगारहरूलाई रोजगारी दिने व्यवस्था गरिनेछ । यसरी उत्पादित वस्तुहरूलाई कोरीयाको अटमी कम्पनीसँग सम्झौता गरि विक्रि वितरण गरिने छ । धार्चेमा हाल रुग्ण रहेका उद्योग र नयाँ उद्यमीहरूलाई अनुदानको व्यवस्था गरी **"एक परिवार एक रोजगार"** भन्ने नारालाई साकार बनाइने छ ।

१५. दर्ता भएका महिला समुह, आमा समुहहरूको सामुहिक भवन नबनेका वडाहरूमा भवन निर्माण गराइने छ। महिलाहरूको नाममा फर्म दर्ता गरि सञ्चालन गर्ने उद्यमी महिलाहरूलाई राजस्व छुट गराइने छ। भने महिला उद्यमशिल्ता विकासको लागि विशेष अनुदानको व्यवस्था गरिने छ ।

१६. धार्चेमा रहेका उद्योग तथा व्यवसायिहरूको तथ्यांक संकलन गरी प्रोफाइल निर्माण गरिनेछ । उद्योगि तथा व्यवसायिहरूलाई अनिवार्य सुचिकृत गर्दै व्यवस्थित गरिनेछ । व्यवसायमा संलग्न भएका तथा नभएका आम नागरिकहरूलाई स्थायी लेखा नम्वर निशुल्क उपलव्ध गराइने छ ।

१७. धार्चेमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराई वुढेसकालमा सो कोषवाट उपलव्ध हुने पेन्सन, उपदान, स्वास्थ्य सेवा, विमा आदि सुविधा लिनको लागि आवश्यक सहजिकरण गरिने छ ।

१८. कानुनले वर्जित गरेका **वाल विवाहको पुर्णरुपमा अन्त्य** गर्दै **वालवलिका मैत्रि गाउँपालिका** वनाइने छ। यसको लागि आवश्यक पर्ने योजना, नीति, रणनीति तथा आचर सहिता बनाई कार्यन्वयन गरिने छ। गाउँपालिकामा रहेका कल्व (वाल तथा युवा), महिला, आमा समुह र अन्य समुहको सुचिकृत गरि समाज परिवर्तनका लागि परिचालन गरिने ।

१९. **डिजिटल धार्चे** निर्माणलाई सस्थागत गरिने छ । यसको लागि नयाँ तथ्यांक संकलन र संकलन भएका तथ्यांकहरूलाई अध्यावधिक गर्दै डिजिटल बनाइने छ। धार्चेका सवै स्कुल तथा सरकारी कार्यालयहरूमा सदावहार फोन तथा इन्टरनेटको व्यवस्था गराइने छ भने आवश्यकता अनुसार कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, सफ्टवेयर लगाएतका विद्युतीय सामाग्रीहरूको व्यवस्थापन गरी **कागजात रहित गाउँपलिका** बनाउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । विभिन्न दातृ निकायहरूसँगको सहकार्यमा धार्चेको वडा नं. ५ गुम्दामा IT पार्क बनाइने छ ।

२०. गुणस्तरीय शिक्षामा सवै धार्चे वासीको सहज पहुँच, माध्यमिक तहसम्म पुर्ण निशुल्क बनाई धार्चेको सामुदायिक शिक्षालाई गुणस्तरीय बनाउदै सामुदायिक आवशिय विद्यालय स्थापना र पठन पाठनलाई प्रमुख प्राथमिक्ता दिइने छ ।

२१. धार्चेको शिक्षालाई गुणस्तरिय, प्रतिस्प्रधि बनाउदै लैजानको लागि विद्यालय कार्यसम्पदान मुल्यांकनलाई कार्यन्वयन गर्दै प्राप्त नतिजाको आधारमा क्षमता विकास, मानव संसाधानको व्यवस्था र भौतिक पुर्वाधारको व्यवस्था गरिने छ। सामुदायिक विद्यालयहरूलाई आत्म निर्भर बनाउनको लागि विद्यालयको स्रोत मुल्यांकन गरिने छ। सोहि मुल्यांकनको आधारमा विद्यालयको आयस्रोत बढाई आत्मर्निभर बनाउनको लागि समुदाय, विद्यालय र गाउँपालिकाको संयुक्त लगानिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. शैक्षिक संरचनाहरू वालमैत्रि, अपाङ्गमैत्रि तथा प्रविधिमैत्री वनाई सार्वजनिक स्कुल प्रतिको आकर्षण वढाउने । धार्चेको शिक्षाको गुणस्तर वढाउनको लागि मेगा विद्यालयलाई निन्तरता दिई प्राविधिक धारमा परिणत गरिने छ। स्थानिय भाषा तथा अंग्रेजी माध्यमलाई विशेष प्रथमित्का दिदै लगिने छ भने अतिरित्त शैक्षिक कृयाकलपका कक्षा सञ्चालन गरिने छ।

२३. धार्चेलाई चाहिने गुणस्तरीय मानव जनशक्ति उत्पादन गर्न SEE मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरूलाई आफ्नो रुचिको विषयमा उच्च शिक्षा अध्ययन गर्न ५०% छात्रवृत्तिको व्यवस्था गरिने छ । धार्चे गाउँपालिकामै स्नातक तह (Bachelor Level) को क्याम्पस खोली अध्यायन अध्यापन गराइने छ।

२४. धार्चेको सामुदायिक शिक्षाको गुणस्तरमा वृद्धि गर्नका लागि नमुना विद्यालय पुरस्कार कोष स्थापना गरिने छ भने शिक्षक रुपान्तरणको योजना लागु गरि स्वेच्छिक अवकासलाई प्रथामिक्त दिइने छ । त्यस्तै गरि गाउँपालिकाको केन्द्र माछीखोलामा **आधुनिक तथा वृहत पुस्तकालय** खोलिने छ। **एक वडा एक पुस्तकालय, एक टोल एक शिशु विकास केन्द्र** (विशेष सेवा सुविधा सहित) निमार्ण गरि कार्यन्वन गरिने छ।

२५. **"जल, जमिन, जंगल जडीवुटी र जलाधार धार्चे वासीको समृद्धिको आधार"** भन्ने नारालाई साकार पार्न धार्चेको भूगोललाई ३ भागमा विभाजन गरी वाली तथा वनस्पतीहरूको नकसांकन गर्न अध्ययन गरि माटो तथा हावापानी अनुसार उत्पादन हुने वोट विरुवा तथा व्यवसायिक खेती प्रणालीमा गई आर्थिक समृद्धि गराइने छ। त्यस्तै गरि सम्भावनालाई मध्य नजर गरी।

- गाँउ वस्ती माथिको भू-भागलाई साहसिक पर्यटनकोरुप विकास गरिने छ।
- गाँउ वस्तीलाई कला सस्कृतिक, पर्या पर्यटनको रुपमा विकास गरिने छ।
- बेशी तथा नदी किनाराका फाँटरुलाई एग्रो/फार्म टुरिजम, का साथै साहसिक पर्यटनकोरुपमा विकास गरिने छ।

२६. धार्चेका जडिबुटी तथा प्राकृतिक खनिज पदार्थहरूको पहिचान सहितको

अभिलेखिकरण दस्तावेज तयार पार्ने । जंगलमा भएका कस्तुरीलाई संरक्षण गरी कस्तुरीको बिना उत्पादन गरी राजस्व आयवृद्धि गर्ने । उच्च मुल्यका जडिवुटीहरू केशर, जैतुनको व्यवसायिक खेति गरिनेछ । धार्चे गाउँ पालिकाको कृषि क्षेत्रको विकास गर्ने उद्देश्यकासाथ रैचे फाँटमा कृषि अध्ययन तथा अनुसन्धान केन्द्र निमार्ण गरी कृषिहवको रुपमा विकास गरिने छ ।

२७. धार्चेको भुगोलको अवस्था अनुसार यातायातको सहज पहुँचको अवस्थालाई मध्य नजर गर्दै सरसामन ढुवानी तथा कृषकहरूबाट उत्पादित कृषि उपजहरू गाउँ पालिकाको केन्द्र सम्म ल्याउनको लागि सहजताका लागि ग्रयाभेटी रोपवे निर्माण गरिने छ ।

२८. कृषिमा उद्यमशिल्ता आजको हाम्रो आवश्यक्ता भन्ने नारालाई चरितार्थ बनाउन वाँझो भुमि (जग्गा,जमिन) राख्ने अवस्थालाई निरुत्साहित गर्न र व्यवस्थित कृषि प्रणालीका साथै भुमि उपयोग योजना कार्यन्वयन गरिने छ । सिँचाइको अभावमा वाझो रहेका जमिनहरूलाई सिंचित गराउन सिंचाइको व्यवस्थापन गराइने छ ।

२९. धार्चेको कृषकहरू पहिचान, वर्गिकरण गरि कृषक परिचय पत्रको व्यवस्थापन गरि कृषि क्षेत्रमा गरिने विकास तथा लगानिलाई थप प्रभावकारी वनाईने छ भने उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिने छ । कृषकवाट उत्पादीत वस्तुहरू कृषि शाखाले खरिद गर्ने व्यवस्था गरिने छ ।

३०. धार्चेमा उत्पादनको उच्च सम्भावना रहेको स्थानिय नगदे वालीहरू आलु, भटमास, शिलाम, सिमीलाई जिवीको मुखीवाट व्यवसायिक बनाइने छ । उत्पादनलाई धार्चेको व्राण्ड वनाइने छ भने उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

३१. धार्चेको प्रत्येक वडामा चिस्यान केन्द्र तथा संकलन केन्द्र निर्माण गरिने छ भने गा.पा. सदरमुकाम माछीखोलामा केन्द्रीय चिस्यान तथा संकलन केन्द्र निमार्ण गरि धार्चेमा उत्पादन हुने नगदे तथा अन्य वालीहरूलाई संकलन गरि वजार व्यवस्थापन गरिने छ भने कृषि तथा पशु पंक्षीको हाट वजारलाई व्यवस्थीत वनाई सञ्चालन गरिने छ ।

३२. कृषि तथा पशु सहकारीहरूको अभिलेख राखी उनिहरूको क्षमता अभिवृद्धि गर्दै लगिने छ भने प्रत्येक वडामा महिला कृषि सहकारी निर्माणमा जोड दिइने छ भने विशेष अनुदानको व्यवस्था गरिने छ । धार्चेका सहकारीहरूलाई व्यवस्थित गराउन सफ्ट वेयर खरिद गराइनेछ ।

३३. स्थानीय सरकारका अधिकार सुचिमा उल्लेखित तथ्यांक सम्बन्धी विषयहरूको प्रभावकारी कार्यान्वयनका अतिरिक्त विषयगत शाखाहरू कृषि, वन, शिक्षा स्वास्थ्य सामाजिक सुरक्षा आदि सम्वन्धि गुणस्तरिय र भर पर्दो तथ्यांकको नियमित व्यवस्थापन तथा उत्पादनका लागि आवश्यक जनशक्तिको व्यबस्था गरी सुदृढ स्थानीय तथ्यंकीय प्रणाली स्थापना गरिनेछ ।

३४. धार्चेमा उत्पादन हुने नगदे वालीहरू सिमी, आलु, शिलाम, भटमासलाई व्यवसायिक खेति प्रणालीमा लगिने छ । भिर मह, शिलाजित, वन लसुन, यार्सा गुम्वा लगाएतका उच्च मुल्यका उत्पादनलाई व्यवस्थित गरि व्राण्डीङ गराइने छ ।

३५. धार्चेलाई व्रोइलर मासु तथा अण्डा उत्पादन तथा खपतमा आत्मा निर्भर वनाइने छ । स्थानिय भेडा पालनलाई उच्च प्राथमिकता दिई भेडा पालनको लागि अनुदानको व्यवस्था गराइने छ । मासुका लागि भेडा बोका निर्यात गरिने छ भने उन उत्पादन तथा उनसँग सम्वन्धीत व्यवसाय सञ्चालन गर्न बार्षिक २० लाख वजेट विनियोजन गराइने छ ।

३६. लेक खर्कहरूमा स्थायी गोठ वा पोटर सेल्टर निर्माण गरिने छ । पोटर सेल्ट निमार्ण गर्न नसक्ने ठाउँहरूमा चरनमा लाने गोठालाहरूलाई (जस्को २० वटा भन्दा वढी गाइवस्तु र १०० वटा भन्दा माथि भेडा बाख्रा) वास वस्न सहजताका लागि टेण्ट तथा सोलार वत्ति वितरण गरिने छ ।

३७. धार्चे गाउँ पालिकाको डिजिटल धार्चे भन्ने अभियानलाई पुरा गर्न अत्याधुनिक **इ-चौतारी**को स्थापना गरिनेछ । यसको माध्यमवाट मौसम, वाली र प्रविधि प्रयोग जस्ता कृषि सम्वन्धी सुचना, बजार मुल्य लगाएत अन्य सुचनाहरू प्रविधिको प्रयोग गरि कृषक समक्ष पुग्ने व्यवस्था गरिने छ ।

३८. युवा तथा खेलकुद क्षेत्रको विकासको लागि व्यवस्थित कर्भड हल निर्माण गराईने छ । हुल्चेतलाई गा.पा.स्तरीय रङगशाला निर्माण गराइने छ भने रुन्चेतमा वडा स्तरीय फुटबल मैदान निर्माण गराइने छ । त्यस्तै मर्म्चेतमा हाई अल्टीच्युट स्पोर्ट सेन्टर निर्माण गराईने छ ।

३९. थप पर्यटकिय गन्तव्यहरूको पहिचान, भएका पर्यटकिय गन्तव्यहरूमा आवश्यक पुर्वाधारहरूको निमार्ण गरिने छ । यसको लागि सडक तथा वाटो, व्यवस्थित होटल तथा लज, होमस्टेहरू निर्माण तथा सञ्चालनको लागि अनुदान तथा तालिमको व्यवस्था गरिने छ ।

४०. उहिया गाँउ देखि गिलिङ खर्क सम्म सडक सञ्जाल पुर्याइ प्यारा ग्लाइडिङ स्पोर्टको रुपमा निर्माण गराईने छ भने खोर्ला, लाप्राक जाने पर्यटक पदमार्ग, गणेश कुण्ड र गणेश हिमाल आधार शिविर जाने पदमार्ग निर्माण गरिने छ । वुढीगण्डकीमा र्‍याफटिङ, रुन्चेत खोला क्यानोनिङ स्पोर्टको पुर्वाधार विकास गरिने छ । एक आर्थिक वर्षमा स्वदेशी तथा विदेशी पर्यटक गरि **२ लाख ५० हजार पर्यटक** भित्र्याइने छ ।

४१. धार्चेका गुरुङहरूको इतिहास बोकेको ऐतिहासिक कोटहरू खोर्ला कोट, काम्ला कोट**,** कुम्पा कोट**,** भिर कोटको संरक्षण र प्रवर्द्धन गरिनेछ । संग्रहालय तथा तमु क्हैवोलाई व्यवस्थित गर्ने । हिमाल आरोहीहरूको योग्दान र सम्मानमा निमार्ण भएका म्युजियमलाई थप व्यवस्थित वनाई सञ्चालन गरिने छ ।

४२. **प्रकृति र संस्कृतिको  खुल्ला संग्रहालय धार्चे** निर्माणका लागि मुर्ति कला तथा सांकृतिक संघ गठनका निम्ति बजेट व्यवस्थापन गराईने छ । धार्चेका कला संस्कृतिहरूको संरक्षण, प्रवर्द्धन गर्न धार्चे कला साहित्य **प्रज्ञा प्रतिष्ठान गठन** गरी व्यवस्थित नाट्यशाला निर्माण गराईने छ ।

४३. वन क्षेत्रको विकास, वन पैदावारसँग उद्योग सञ्चालनका लागि लगानी मैत्री कानुन निर्माण गर्दै निजी वनलाई वढवा र समुदायिक वन तथा राष्ट्रियवन विच रहेको कानुनी जटिल्ता र नीतिगत व्यवधानलाई सहजिकरण गरि वन पैदावार (जडिवुटी) आदिको व्यवसायिक खेति, संकलन र अर्ध प्रशेधान गर्ने व्यवस्थ गरिने छ ।

४४. धार्चे गाउँपालिका विपद् जोखिमको हिसावले रेड जोनमा पर्ने भएकोले विपद्वाट हुन सक्ने जोखिम र पर्न सक्ने क्षेतीलाई मध्य नजर गर्दै आपतकालिन कार्य सञ्चालन केन्द्र र प्रत्येक वडामा आपतकालिन अवस्थाको लागि पुर्वाधार निर्माण गरिने छ । विपद्वाट हुने क्षेतिलाई सम्वोधन गर्न राहात कोषवाट राहात सुविधा प्रदान गरिने छ ।

४५. विपद्वाट हुन सक्ने क्षेतीलाई मध्य नजर गर्दै नदी खोला, किनाराका वस्तीहरूको जोखिम न्यूनिकरणका निम्ति तटबन्धन निर्माण गराइने छ । सडक निर्माणवाट हुन सक्ने माटोको क्षय, पहिरोलाई मध्य नजर गर्दै ७ वटै वडाहरूमा नर्सरी निमार्ण गरी सडकका छेउछाउमा वायो इन्जीनियरिङ गर्नका लागि १ लाखको दरले वडामा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. धार्चेका सामुदायिक वन उपभोक्ता समितिलाई व्यवस्थित गराई संस्थागत विकास गराउन एउटा सामुदायिक भवन निर्माण गराइनेछ ।

४७. असल संस्कारको अभ्यास समृद्धिको आधार भएकोले धार्चेको विभिन्न धर्म गुरु पण्डितहरूको एउटा साझा मञ्च खडा गराउनको लागि कार्यक्रम सञ्चालन र व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गराइने छ ।

४८. धार्चे गाउँपालिकावाट वैदेशिक रोजगारीमा जाने उमेर समुहको संख्या अध्यावधिक गराई उनीहरूलाई वैदेशिक रोजगार सम्वन्धी परामर्श सेवा प्रदान गरिने छ। सिप सिकेर वैदेशिक रोजगारीमा जान प्रोत्साहीत गरिने छ र सिप सिक्न चाहानेहरूलाई गाउँपालिका आफै, सोरकारवाल वा विभिन्न संघ सस्थाहरूसँग सहकार्य गरी तालिमको व्यवस्था गरिने छ ।

४९. वैदेशिक रोजगारीवाट नेपाल पठाइने विप्रेषणलाई व्यवस्थीत बनाउनको लागि गाउँपालिका आफैले बैंक खाता खोलि दिने र विप्रेषणवाट आउने रकमको लागि विशेष व्याजदरको व्यवस्था गर्न बैंकसँग आवश्यक समन्वय गरिने छ । वैदेशिक रोजगारीवाट फर्केर आएका व्यक्तिहरूको तथ्यांक संकलन गरी उनीहरूको शिप, अनुभव र दक्षताको आधारमा धार्चेमै व्यवसाय सञ्चालन गर्नको लागि ऋण तथा अनुदानको व्यवस्था गरिने छ ।

५०. गाँउपालिका केन्द्र देखि वडा कार्यालयसम्म जोडिएका कच्ची सडकहरूलाई स्तर उन्नती तथा ग्राभेल गराई १२ महिना यातायात सञ्चालन गराइने छ । बुढी गण्डकी वारी र पारीका वस्तीहरूको सुगमताका निम्ति बुढी गण्डकीको दोभान र माछीखोलामा २ वटा मोटरेबल पुल निर्माण गराइने छ ।

५१. धार्चेको कृषि तथा पशुपालनलाई व्यवस्थित तथा व्यावसायिकरण गर्न, स्वस्थ्य क्षेत्रको विकास गर्न क्षेत्रगत गुरु योजना निमार्ण गरी अगाडी वढ्ने छ । त्यस्तै गरी धार्चेको भुगोल अनुसार वाटोहरू निर्माण, सडक सञ्जालको विकास, व्यवस्थित, गुणस्तरीय तथा दिगो बनाउन र सवारी यातायातलाई व्यवस्थापन गर्न **गाउँपालिका स्तरिय यातायात गुरुयोजना (Rural Transport Masater Plan)** बनाई अहिलेसम्म निर्माण सम्पन्न भएका सडकहरूको स्तर उन्नती गराई १२ महिना सञ्चालन गर्न सकिने बनाइने छ ।

**'जय धार्चे'**